Rupantaran : A Multidisciplinary Journal
Vol. III : 177-183, March, 2020
ISSN : 2091-0061
Research Management Cell (RMC)
Dhankuta Multiple Campus, Dhankuta
Tribhuvan University, Nepal

# अष्टाध्यायीको सेरोफेरोमा नेपाली व्याकरण

मीनप्रसाद अधिकारी[1]
इमेल : adikarimin010@gmail.com

## सार

*व्याकरणकार पाणिनि उत्तर वैदिक भाषाका चिन्तक हुन् । उनले लौकिक संस्कृतलाई आधार मानेर व्याकरण ग्रन्थ रचना गरी वैदिक संस्कृतको रूपसिद्धि प्रक्रियालाई पनि समेट्ने प्रयास गरेका छन् । पाणिनीय व्याकरण परम्परामा पाणिनि, कात्यायन र पतञ्जलीलाई मुनित्रयका नामले सम्बोधन गरिन्छ । यसको अर्थ हुन्छ - पाणिनीय व्याकरणको परिपूर्णतामा यी तिन मुनिको संयुक्त योगदान रहेको छ । पाणिनीय व्याकरणको प्रादुर्भावपछि अधिकांश व्याकरण सम्प्रदाय या त लुप्त भएका छन् या पाणिनीय व्याकरणको प्रभावमा सीमित रहेका छन् । पाणिनि संस्कृत व्याकरण परम्पराका शिखर व्यक्तित्व हुन् । पाणिनिले सूत्र शैलीमा अष्टाध्यायीको रचना गरेका छन् । यसमा आठ अध्याय छन् र प्रत्येक अध्यायमा चार पाउ गरी जम्मा ३२ खण्ड खन् । अष्टाध्यायीमा माहेश्वर सूत्र (शिव सूत्र) समेत गरी ३९९७ सूत्र छन् । पाणिनिको व्याकरणमा संस्कृतका वैदिक र लौकिक दुवै भेदको वर्णन पाइन्छ । पाणिनिले धेरै सूत्रमा भाषयाम् भनेको र बोलचालमा मात्र उपयोगी प्रत्यभिवादे शुद्रे इत्यादि सूत्र रचना गरेकाले उनका समयमा संस्कृत लोकमा बोलचालको भाषा थियो भन्ने ज्ञात हुन्छ ।*

**मुख्य शव्दावली :** अष्टाध्यायी, महेश्वर सूत्र, व्याकरण, पाणिनि

## परिचय

अष्टाध्यायीका रचयीता पाणिनि हुन । यिनको जन्म ई.पू. पाँचौ शताव्दीतिर भारत वर्षको शालातुर (अहिले पाकिस्तानको लाहोर) मा भएको हो । पिता शलङ्क र माता दाक्षीका छोरा यिनको पहिलेको नाम अहिक हो तर गोत्रका आधारमा पाणिनि नाम रहेको हो भन्ने प्रसिद्धि छ (गैरोला,२००३:५४०) । उनले अष्टाध्यायी, धातुपाठ (१९९४, धातुको सङ्ग्रह), गणपाठ, पाणिनीय शिक्षा, द्विरूप कोश जस्ता कृतिको रचना गरेका छन् भने जाम्बवती जय नामक महाकाव्यका पनि रचना गरेका छन् । पाणिनि र उनका भाइ पिङ्गल ज्योतिषका पनि विद्वान थिए । पाणिनि नेपालका गौरव हुन । पणेनाका सौरव हुन । यिनको जन्मभूमि हाल पाकिस्तानको लाहोर हो र कर्मभूमि नेपाल हो । पाटली पुत्र भारतको शास्त्रार्थमा हारेपछि यिनले यहाँ आई गोपर्वतमा तपस्याद्वारा शिवलाई खुसी पारेर विश्वप्रसिद्ध संस्कृत व्याकरण अष्टाध्यायीको रचना गरे ।

संस्कृत वाङ्मयमा ज्ञानका विविध शाखा (व्याकरण, साहित्य, न्याय, मीमांसा आदि) अन्तरगत आफ्ना दर्शनका परिधिमा भाषाका सम्बन्धमा चिन्तन र विश्लेषण गरिएको देखिन्छ । संस्कृत व्याकरणमा प्रचलित ‘अइउण’ आदि सूत्रलाई महेश्वर सूत्र भनिन्छ । भाषा चिन्तनको सुदीर्घ पूर्वीय परम्परा पाईन्छ । प्रागवैदिक युगदेखि नै आरम्भ भएको यस परम्पराले वैदिक या शास्त्रीय संस्कृत पाणिनि कालमा आइपुगेपछि स्थिरता प्राप्त गरेको मानिएको हुँदा भाषिक चिन्तनका विकासक्रमलाई पाणिनीय व्याकरण सम्प्रदाय युग (पाणिनि र उनीपछिको युग) (इपू ५०० पछि) भनी चर्चा गरिन्छ । संस्कृत व्याकरणमा विभिन्न सम्प्रदायहरू बनेका पाइन्छन् :-

---

१. लेखक त्रि.वि, धनकुटा बहुमुखी क्याम्पस, धनकुटामा नेपाली शिक्षा विषयको उपप्राध्यापक पदमा कार्यरत हुनुहुन्छ ।

१. ऐन्द्र (इन्द्रका प्रभावमा स्थापित),
२. चान्द्र (चन्द्रमेमिनद्वारा प्रतिपादित),
३. जेनेन्द्र (तिर्थङ्कर महाविरका प्रभावमा देवनन्दीद्वारा स्थापित),
४. शाकटायन (शव्दानुशासन नामक व्याकरण),
५. कातन्त्र व्याकरण,
६. हेमचन्द्र (सिद्धहेमशब्दानुशासन ग्रन्थ),
७. सारस्वत,
८. वेपदेव ।

यी मध्ये ऐन्द्र र शाकटायन सम्प्रदाय पाणिनिभन्दा अघिका सम्प्रदाय मानिन्छन् । तर पाणिनि अद्बितीय शीर्षस्थ विद्वान भएकाले अरू सम्प्रदाय गौण हुन पुगी पाणिनि र उनको व्याकरण सम्प्रदाय प्रवल भएको देखिन्छ (न्यौपाने, भण्डारी र न्यौपाने : २०६७) । अहिले पनि संस्कृत व्याकरणको पठनपाठन पाणिनीय व्याकरण अनुसार नै हुने गरेका कुरा उनका काव्यले समेत प्रमाणित हुन्छ । पणिनिद्वारा रचित अष्टाध्यायीका सूत्रहरूमा निर्भर रहने परवर्ती वैयाकरणहरूले वार्तिक, भाष्य, वृद्धि, टीका आदि लेखेका छन् । केन्द्रमा भने पाणिनीकृत अष्टाध्यायी नै रहेको छ । पाणिनीय व्याकरण सम्प्रदायलाई दुई समूहमा राखिएको छ :मुनित्रय सम्प्रदाय र मुनित्रय उतरवर्ती सम्प्रदाय ।

अष्टाध्ययी सस्कृत व्याकरण परम्पराको सर्वोत्कृष्ट कृति त हँदै हो साथै आधुनिक भाषाविज्ञानको समेत प्रेरक कृति हो । अष्टाध्यायीको सबैभन्दा विशिष्ट पक्ष भनेको शव्द रचना र पदरचना प्रकृयाको परिपूर्ण विवरण दिनु हो । अष्टाध्यायीमा प्रस्तुत वर्णव्यवस्था, शव्दरचना, पदरचनामा प्रस्तुत अधिकांश मान्यताहरू आधुनिक व्याकरण र भाषाविज्ञानसँग मिल्दछन् । साथै अष्टाध्यायीमा उल्लेख भएको उच्चारण स्थान, आभ्यन्तर प्रयत्न र बाह्य प्रयत्नको स्थिति र अन्तराष्ट्रिय ध्वनितात्विक वर्णमालामा प्रस्तुत गरिएको उच्चारण स्थान र प्रयत्नको प्रस्तुतिमा निकै समानता रहेको छ । यसै सन्दर्भमा अष्टाध्यायीको सेरोफेरोमा नेपाली व्याकरण शीर्षकको लघु लेख रचनाको उद्देश्य व्याकरण सम्प्रदाय अन्तरगत पाणिनिलाई चिनाउनु र पाणिनि र उनको अष्टाध्यायीक सूत्रहरू अनुसार नेपाली व्याकरणको मार्ग अगाडि बढेको कुरा थाहा पाउनुमा केन्द्रित रहेको छ ।

## अध्ययन विधि

यो लेख गुणात्मक ढाँचा प्रयोग गरी तयार पारिएको छ । यसका लागि वर्णात्मक विधिको सहयोग लिएको छ । यस लेखको निर्माणको लागि प्रयोगात्मक अध्ययन, अध्येताको निजी दृष्टिकोण, सहपाठीहरूसँगको छलफल तथा सम्बन्धित विषय विज्ञको सुझावलाई आधार बनाइएको छ । अध्ययन पत्रका लागि आवश्यक सामग्री सङ्कलन पुस्तकालय पद्धतिबाट विभिन्न सन्दर्भ कृति र मौखिक स्रोतका सहायताले गरिएको छ भने तिनको सङ्गठन र प्रस्तुतीकरणका लागि वर्णनात्मक र व्याख्यात्मक विधि अपनाइएको छ । लेख रचनामा कक्षा छलफललाई समेत मुख्य पृष्ठभूमिका रूपमा मानिएको छ । व्याख्या, विश्लेषणका लागि पाणिनि र उनको व्याकारण अष्टाध्यायीसँग सम्बन्धित विद्वानहरूको समालोचनात्मक व्याख्या विश्लेषण पनि उपयोग गरेको छु । साथै यसमा अन्य आवश्यक सम्बन्धित साहित्यको पुनरावलोकन गरिएको छ ।

## परिणाम र छलफल

### अष्टाध्यायीको परिचय

नीति भन्छ :- इतिहासं पुराणं च तथाख्यानानि यानि च
महात्मनां च चरितं नित्यमेव पठेन्नर : ॥

यही कुरालाई आत्मसाथ गर्दै पाणिनिको अष्टाध्यायीसँग डुबुल्की नमारे पनि छिपछिपे भिजाईको प्रयास यस लेखमा गरेको छु । पाणिनीय अष्टाध्यायी, अमरकोश र रघुवंश द्वितीयसर्ग यी तीन ग्रन्थरत्न एकापसमा पठनीय र मननीय पाठ्यग्रन्थ हुन । पाणिनीय अष्टाध्यायीले जुन शब्दको साधुत्व दिन्छ, अमरकोशले तिनै शब्दको व्याख्या र पर्याय दिन्छ । अनि रघुवंशले ती शब्दहरूको काव्यात्मक शैलीमा व्यावहारिक प्रयोग गर्दछ । स्मरणीय छ : अष्टाध्यायीका रचयिता पाणीनि, अमरकोषका रचायिता अमरसिंह शाक्य बाँडा तथा रघुवंशका रचयिता कालिदास हुन । अष्टाध्यायी पाणिनिको मुख्य व्याकरणात्मक कृति हो । ३९९५ प्रजनक सूत्रहरू रहेको यस ग्रन्थमा आठ अध्याय र प्रत्येक अध्यायमा चार पाउ (एकाइ) को संरचना रहेको छ । आठ अध्यायमध्ये पहिलो अध्यायमा संज्ञा, परिभाषा, धातु, प्रातिपदिक, निपात र समास दोस्रोमा समास र कारक तेस्रोमा कृदन्त प्रकरण (धातु र प्रत्ययको संयोजन प्रक्रिया), चौथो र पाँचौमा तद्धित प्रकरण (प्रातिपदिक र प्रत्ययको संयोजन प्रक्रिया), छैटौं र सातौंमा अव्युत्पन्न प्रातिपदिक र आठौंमा सन्धी पक्रिया समावेश गरिएको छ ।

अष्टाध्यायीमा पदलाईृ केन्द्रीय एकाइको रूपमा स्वीकारिएको छ । यस क्रममा पदका संरचकहरू शब्द/प्रातिपदिक र धातु तथा प्रत्ययको चर्चा गरिएको छ । वर्णलाई पनि व्याकरणको अन्तरङ्ग शाखाका रूपमा प्रस्तुत गरिएको छ । वर्णहरूकै आधारमा अधिकांश सूत्र निर्माण भएका छन् । अष्टाध्यायीमा वाक्यात्मक संरचनाको छुट्टै चर्चा गरिएको छैन र पदरचना अन्तरगत नै वाक्यतत्वको सूचना समावेश भएको देखिन्छ ।

अष्टाध्यायी अक्षर चिनेर, सुनेर हेरेर, नींदमा झुलेर पढने ग्रन्थ हो (आत्रेय, २०७२ : पृ.क) । पाणिनिको अष्टाध्यायीमा एउटा सूत्र छ :- तूदी -शलातुर- वर्मती - कूचवारद् ढक् -छण -ढञक : । अष्टा.४।३।९४। (यहाँ शुरूको अङ्क भनेको १ देखि ८ सम्म मात्र हुन्छ किनकी यो अष्टाध्यायी भनेकै आठ अध्यायमा विभाजित रहेको छ । त्यसैले ८ भन्दा बढी यो शुरूको अङ्क हुन्न । त्यसैगरी बीचको अङ्क १ देखि ४ सम्मको मात्र हुन्छ किनकी अष्टाध्यायीका सूत्रहरूलाई १ पाउदेखि ४ पाउसम्म बाँडिएको छ । त्यसैगरी पछिल्लो सङ्ख्या सूत्र सङ्ख्या हो । यो अध्याय, अध्यायमा बाँडिन्छ) । पाणिनीको विषयमा रौ-चिरा अध्ययन गर्ने विश्वका मै हुँ भन्नेहरूले पनि 'तूदी ' बारे पत्तो लगाउन सकेका थिएनन् । तूदी नेपालमा छ । तूदी अर्घाखाँचीमा छ । तूदी पाणिनि तपोभूमि परिक्षेत्रमा छ । तूदी खिदिममा छ (आत्रेय, २०७२ : पृ.ख) ।

पाणिनिको अष्टाध्यायी संस्कृत वाङ्मयका प्राच्य, उदीच्य र दक्षिणात्य वाक्प्रवृतिमा यसले स्तरीयता र एकरूपता ल्याईदिएको थियो । यतिमात्र होइन, पाणिनिको अष्टाध्यायीले प्राकृत एवं अपभ्रंश भाषाहरूको विकास निर्माणमा पनि प्रशस्त सहायोग पु-याउँदै गएको थियो । गङ्गा, गण्डकी, नर्मदा, कावेरी आदि नदीहरू समुद्रमा बिलीन भए जस्तै यस अघिका समस्त व्याकरणहरू यसमै समाहित हुन पुगे । एउटा हात्तीका पाइला भित्र अन्य सबै पशुका पाईलाहरू अटाँए जस्तै (सर्व पदं हस्तिपडे निमग्नम) । पाणिनीय अष्टाध्यायी यत्रतत्र सर्वत्र पठनीय र अनुसन्धेय विषय बन्न पुग्यो । देश विदेशका विद्वानहरूद्वारा यसमै भाष्य, व्याख्या, वृत्ति, वार्त्तिका, टीका र प्रकृयाग्रन्थहरू लेखिन थाले ।

अष्टाध्यायीका सूत्रहरू समाजमा यति लोकप्रिय भए कि सूत्र र व्याकरण अन्योन्याश्रित भए । यी दुबै एक अर्काका पर्यायवाची हुन पुगे । सूत्र भन्नासाथ व्याकरण बुझ्न थाले मानिसहरू र व्याकरण भन्नासाथ सूत्र (व्याकरणमित्यस्य कः पदार्थ :? सुत्रम) ।

अष्टाध्यायी जस्तो जीवन्त रचनाले जीवनकालमै प्रसस्त यश र प्रसिद्धि आर्जन गरेका महार्षि पाणिनि मरणोप्रान्त पनि विश्वबन्ध भए । पाणिनिबाट प्रभावित भएर कालिदासले 'कुमारसम्भव' लेखे । अमरसिंहले पाणिनीय अष्टाध्यायी कै अनुसरणमा शब्दका पर्याय, विश्लेषण र लिङ्ग निर्धारण गरेर नै पाणिनीय शब्दानुशासनको हाराहारीमा आफ्नो नामलिङ्गानुशासनको रचना गरेका छन् । पाणिनीय अष्टाध्यायी विश्वमा यति लोकप्रिय भयो कि यसका सूत्रका प्रतीक र भावलाई लिएर विभिन्न कविहरूले पृथक पृथक पद्यरचना पनि गर्न थाले ।

## अष्टाध्यायीको सूत्र विभाजन

अष्टाध्यायी करिब चार हजार जति व्यवस्थित र प्रजनक सूत्रहरूको सञ्जाल हो । अष्टाध्यायीका यी सूत्रहरूको वितरण यति व्यवस्थित छ कि एउटा सूत्र बुझिएन भने अर्को बुझ्न कठिन हुन्छ । यस्तै एउटै सूत्रबाट हजारौं रूपहरू सिद्ध गर्ने क्षमता अष्टाध्यायीका सूत्रमा रहेको छ । यी सूत्रलाई प्रजनक बनाउनका लागि पाणिनिले गणितीय पद्धतिको अनुसरण गरी प्रत्याहार व्यवस्था तयार पारेका छन् । जसरी गणितमा अरबौं सङ्ख्या नियमन निम्नलिखित दुई सूत्रका आधारमा हुन सक्दछ :

सूत्र : क) २क

सूत्र : ख) २क +१

यहाँ सुत्र क र ख दुबैमा आएको 'क' चल हो । यसलाई १ देखि ९ सम्मका जुनसुकै सङ्ख्या मान्न सकिन्छ । 'क' लाई १ मान्दा २×१=२, 'क' लाई २ मान्दा २×२=४, 'क' लाई ३ मान्दा २×३= ६ आदि सम्पूर्ण जोर सङ्ख्याको उत्पादन हुन्छ ।

सूत्र ख अनुसार 'क' लाई १ मान्दा २×१+१= ३, 'क' लाई २ मान्दा २×२+१= ५, 'क' लाई ३ मान्दा २×३+१= ७, आदि सम्पूर्ण बेजोर सङ्ख्याको उत्पादन हुन्छ । यसरी अरबौँ सङ्ख्याको उत्पादन सीमित सूत्रका आधारमा हुने देखिन्छ ।

नेपाली विद्वानहरू पाणिनिले हिमालयमा गई शिवको तपस्या गरेको ठाउँ अर्घाखाँची जिल्लाको पणेना हो भन्ने मान्यता राख्दछन् (प्रश्रित, २०६९ : ७९) ।

त्यसैगरी अष्टाध्यायीमा भाषिक व्यवस्थाभित्रका समग्र नियमलाई प्रस्तुत गर्नका लागि पाणिनिले चौध ओटा बीज सूत्रलाई प्रस्तुत गरेका छन् । यी सूत्रहरू पाणिनिले साधनाको क्रममा भगवान् शिवजीले बजाएको डमरुको आवाजबाट प्राप्त गरेका हुन भन्ने किंवदन्ती पाइन्छ । किंवदन्ती अनुसार पाणिनि व्याकरण लेख्ने उद्देश्यले भगवान् शिवजीलाई सन्तुष्ट बनाउनका लागि तपस्यामा तल्लीन भइरहँदा चाँडै प्रसन्न हुने आशुतोष शिव भगवान्ले आफू प्रसन्न हँदा गर्ने ताण्डव नृत्य नाचिसकेपछि चौध पटक डमरु बजाउनुभयो । सोही डमरुको आवाजलाई आधार मानी पाणिनिले चौध सूत्र बनाएका हुनु ।

नृत्तावसाने नटराजराजो ननाद ढक्कां नवपञ्चवारम् ।
उद्धर्तुकाम : सनकादिसिद्धं एतद् विमर्शो शिवसूत्रजालम ॥

**ती यस प्रकारका छन् :**

१) अइउण्, २) ॠलृक्, ३) एओङ्, ४) ऐऔच्, ५) हयवरट् ६) लण्, ७) ञमङणनम्, ८) झभञ्, ९) घढधष्, १०) जबगडदश्, ११) खफछठथचटतब्, १२) कपय्, १३) शषसर्, १४) हल् । पाणिनिले यिनै चौध सूत्रका आधारमा अष्टाध्यायीको रचना गरेका हुन् । ती चौध सूत्रलाई भगवान् महेश्वरबाट प्राप्त भएकाले माहेश्वर सूत्र, वर्णहरूको व्यवस्थित समूहका रूपमा भएकाले वर्णसमाम्नाय, प्रत्याहार व्यवस्थालाई नियमन गर्ने भएकाले प्रत्याहार सूत्र पनि भनिन्छ । पाणिनिको अथक साधनाबाट चौध सूत्र प्राप्त भएका र यिनै चौध सूत्रकै आधारमा अष्टाध्यायीको रचना भएकाले यिनलाई अष्टाध्यायीका बीजसूत्र पनि भनिएको हो । अष्टाध्यायीमा यिनै सूत्रको सहायताबाट ४३ प्रत्याहार (वर्णहरूको व्यवस्थित समुच्चय नै प्रत्याहार हो र पाणिनिले सूत्रमा प्रयोग गरेको आधारमा प्रत्याहार ४३ रहेका छन्) र ३९५९ सूत्रको निर्माण गरिएको छ ।

अष्टाध्यायीमा भाषिक अध्ययनलाई व्यवस्थित बनाउनका लागि तयार पारिएका सूत्रहरू छ प्रकारका छन् : संज्ञा सूत्र, परिभाषा सूत्र, विधि सूत्र, नियम सूत्र, अतिदेश सूत्र र अधिकार सूत्र

(संज्ञा च परिभाषा च विधिर्नियम एव च ।
अतिदेशोऽधिकाराश्च षड्विधं सूत्रलक्षणम् ॥) ।

यी सूत्रको संक्षिप्त चिनारी मात्र यहाँ उल्लेख गरिएको छ ।

क) संज्ञा सूत्र (Rule of definition)

संज्ञा सूत्र व्याकरणसँग सम्बद्ध विभिन्न विषयवस्तुलाई पारिभाषिकीकरण गर्ने वा नाम राख्ने सूत्र हुन् । सम्यक् ज्ञायते अनेन इति संज्ञा अर्थात जसबाट केही कुराको ज्ञान वा परिचय प्राप्त हुन्छ त्यो संज्ञा हो । यस विग्रहबाट पनि संज्ञा सूत्र भनेका परिचय दिने सूत्र हुन् भन्ने बुझिन्छ । अष्टाध्यायीका सूत्रमध्ये करिव ६ प्रतिशत सूत्र (२८०) हरू संज्ञा सूत्र हुन् ।

ख) परिभाषा सूत्र (Rule of interpretation)

कतिपय ठाउँमा सामान्य सूत्रले निर्देशन गरेको नियम पर्याप्त नहुन सक्छ । यस्तो अवस्थामा नियमन गर्नका लागि अष्टाध्यायीमा परिभाषा सूत्रहरू प्रस्तुत गरिएका छन् । अनियमे नियमकारिणी परिभाषा अर्थात नियम नभएको ठाउँमा नियमन गर्ने परिभाषा सूत्र हुन् । अष्टाध्यायीमा यस्ता परिभाषा सूत्रहरू करिब १ प्रतिशत (३६ वटा सूत्र) मात्र छन् ।

ग) विधि सूत्र (General rule)

कार्य विधान गर्ने सूत्र विधि सूत्र हुन् । विधियते अनेन इति विधानम् / अर्थात जसबाट केही विधान गरिन्छ त्यो विधि हो । यस व्युत्पत्तिबाट पनि विधि सूत्र भनेको केही व्याकरणिक कार्य सम्पादन गर्ने सूत्र विधि सूत्र हुन भन्ने स्पष्ट हुन्छ । अष्टाध्यायी व्युत्पादन केन्द्रित व्याकरण भएकाले यस प्रसङ्गमा व्याकरणिक कार्य भन्नाले शव्दव्युत्पादनसित सम्बद्ध कार्य भन्ने बुझिन्छ । विधि सूत्रले शब्द व्युत्पादन वा रुपायनका क्रममा कुनै पनि भाषिक एकाइका स्थानमा अर्को वर्ण प्रतिस्थापन गर्ने, कुनै पनि भाषिक एकाइको लोप गर्ने, कुनै पनि भाषिक एकाइलाई थप्ने जस्ता कार्य गर्दछन् । यी कार्यलाई अष्टाध्यायीमा आदेश, लोप र आगम भनिएको छ । अष्टाध्यायीमा सबैभन्दा बढी करिब ८५ प्रतिशत सूत्र (३२८९)हरू विधि सूत्र नै छन् ।

घ) नियम सूत्र (Rule of exception)

विधि सूत्रलाई विशेष रूपमा नियमबद्ध गर्ने सूत्र नियम सूत्र हुन् । नियम्यते अनेन इति नियम / अर्थात् जसले नियमन गर्छ त्यो नियम हो । यस भनाइबाट नियम सूत्रले सामान्य सूत्र (विधि सूत्र) लाई विशेष रूपमा नियमबद्ध गर्दछन् भन्ने स्पष्ट हुन्छ । यिनीहरूलाई अपवाद वा विशेष सूत्र पनि भनिन्छ । सामान्य सूत्रले सामान्य कार्य गरेपछि विशेष परिस्थितिमा विशेष कार्य सम्पन्न गर्ने काम यस्ता सूत्रको हो । अष्टाध्यायीमा करिब ५ प्रतिशत सूत्र(२१७) हरू नियम सूत्र छन् ।

ङ) अतिदेश सूत्र (Rule of analogy)

अतिदेशको अर्थ दुई वटा भिन्न वस्तुमध्ये एउटाको विशेषता अर्कोमा आरोपित गरेर ती दुईमा समानता ल्याउनु हो । अष्टाध्यायीका सन्दर्भमा दुई भिन्न भिन्न विशेषता भएका एकाइलाई एउटामा अर्काको विशेषता आरोपित गरेर समान बनाउनु हो । इतरधर्मस्य इतरस्मिन् प्रयोगाय आदेश / अर्थात एउटाको विशेषता अर्कोमा आरोप गर्दा अतिदेश हुन्छ । यसले बराबरीको अधिकार दिने सुत्रहरूनै अतिदेश सूत्र हुन् भन्ने स्पष्ट हुन्छ । अष्टाध्यायीमा करिब ३ प्रतिशत (११८) अतिदेश सूत्र छन् । अतिदेश सूत्रले मुख्यतः रूप, अर्थ र कार्य तीन दृष्टिले दुई भिन्न एकाइलाई समान बनाउने गर्दछ ।

च) अधिकार सूत्र (Governing rule)

अधिकार सूत्रहरू शासक सूत्र हुन् । त्यसैले यस्ता सूत्रले आफ्नो निश्चित अधिकार क्षेत्रभित्रका सूत्रलाई शासन गर्दछन् वा तिनीहरूमाथि आफ्नो अधिकार कायम गर्दछन् । कुनै अधिकार सूत्र सुरु भएपछि अर्को अधिकार सूत्र नआएसम्म त्यही प्रसङ्ग चलिरहेको हुँदा त्यस अन्तरगतका सूत्रको अर्थ त्यही अधिकार सूत्रको अर्थ त्यही अधिकार सूत्र अनुसारनै निर्धारण गरिन्छ । अष्टाध्यायीमा यस्ता अधिकार सूत्रहरू करिब १.३ प्रतिशत (४८) रहेका छन् ।

अतः अष्टाध्यायीमा सूत्र वितरण व्यवस्था अत्यन्तै व्यवस्थित छ ।

## अष्टाध्यायीका विशेषताहरू

अष्टाध्यायी पूर्वीय व्याकरण परम्पराका प्रसिद्ध व्यक्ति पाणिनिद्वारा रचित उत्कृष्टतम व्याकरण ग्रन्थ हो । पणिनिले करिव २५०० वर्षअघि पूर्वीय व्याकरण परम्परामा अत्यन्त व्यवस्थित र वैज्ञानिक व्याकरण अष्टाध्यायी लेखेपछि संस्कृत व्याकरण लेखन परम्पराले पूर्णतम रूप प्राप्त गरेको देखिन्छ । अष्टाध्यायीले संस्कृत भाषालाई समग्रतः व्यवस्थित बनाउने काम त गरेको छ नै साथै उत्तरवर्ती व्याकरण कृतिका लागि उपजीव्य भूमिका पनि निर्वहन गरेको देखिन्छ । यसले पूर्वीय व्याकरण परम्परामा मात्र नभई आधुनिक भाषा विज्ञानका लागि पनि प्रेरक भूमिका निर्वाह गरेको कुरा आधुनिक भाषा विज्ञानले अवलम्बन गरेका भाषिक अध्ययनका अधिकांश पद्धतिहरू अष्टाध्यायीमा प्राप्त हुनुले पुष्टि हुन्छ । आधुनिक भाषा विज्ञानको प्रारम्भ २० औं शताब्दीको पूर्वार्धमा भाषाविद् ससुरको सामान्य भाषा विज्ञानको पाठ्यक्रम (Course de Linguistique General 1916) बाट भएको हो । यस अवधिदेखि नै आधुनिक भाषा विज्ञानले वैज्ञानिक पद्धतिको अनुसरण गरी भाषिक सामग्रीको सङ्कलन, वर्गीकरण, विश्लेषण र सिद्धान्त (नियम) प्रतिपादनको श्रृङ्खलामा भाषाका ध्वनि, वर्ण, रूप, शव्द, पद, पदावली, उपवाक्य, वाक्य आदि एकाइको व्यवस्थित रूपमा अध्ययन गर्न थाल्यो । यी विविध एकाइहरूको अध्ययनका क्रममा आधुनिक भाषा वैज्ञानिकहरूले पाणिनिको अष्टाध्यायी भाषिक अध्ययनको प्रेरक कृतिका रूपमा रहेको स्वीकार गरेका छन् (एलेन, १९५३ :३) । फर्थले अन्तराष्ट्रिय ध्वनितात्विक वर्णमालाको विकासमा संस्कृत व्याकरणलाई आधार बनाएको स्वीकारेका छन् । त्यस्तै संरचनावादी भाषा वैज्ञानिक ब्लूमफिल्डले अष्टाध्यायीलाई मानव मेधाको महत्तम स्मारक मानेका छन् (ब्लूमफिल्ड,१९३३:३३) र 'पाणिनिका केही सूत्रहरू' (On some ruies of panini) नामक लेखमा अष्टाध्यायीका केही सूत्रको व्याख्या पनि गरेका छन् । त्यस्तै भाषाविद् चम्स्कीले वाक्यविज्ञानका सैद्धान्तिक पक्षहरू (Aspect of the Theory of Syntax) नामक कृतिमा उत्पादक व्याकरणको बीजरुप पाणिनिमा रहेको बताएका छन् (चम्स्की १९६५ : भूमिकाखण्ड) । यसरी बिसौं शताव्दीमा प्रारम्भ भएको आधुनिक भाषाविज्ञानमा समेत लगभग २५०० वर्ष अगाडि लेखिएको अष्टाध्यायीका मान्यताहरू मिल्नु र भाषा वैज्ञानिक अध्ययनको स्रोत ग्रन्थको रूपमा स्वीकार गर्नुले समेत अष्टाध्यायी महत्त्वपूर्ण कृति हो भन्न सकिन्छ । बुँदागत रूपमा अष्टाध्यायीका विशेषतालाई यसरी उल्लेख गर्न सकिन्छ :

१) सूत्रपाठमा लघाव र संक्षिप्तता,
२) प्रत्याहारको कल्पना,
३) सूत्रहरूमा अन्तरालम्बन,
४) महेश्वर सूत्रमार्फत संस्कृत स्वर व्यञ्जन वर्णको क्रमबद्ध र वैज्ञानिक प्रस्तुति,
५) शब्दलाई कच्चा पदार्थ ठान्नु,
६) पूर्ववर्ती व्याकरणकारको दृष्टिकोण समेत स्वीकार,
७) शब्दनिर्वचन सम्बन्धमा मध्यम मार्गको अनुसरण,
८) मूलतः रूप तत्त्वको विश्लेषण आदि ।

## निष्कर्ष

अष्टाध्यायीमा ध्वनि र वर्णको छुट्टाछुट्टै चर्चा नगरी वर्णकै अध्ययनका क्रममा ध्वनिको अध्ययन समावेश गरेको देखिन्छ । त्यसैले अष्टाध्यायीका सूत्रहरूमा ध्वनिको भन्दा बढी वर्ण शव्दको प्रयोग भएको देखिन्छ । अष्टाध्यायीको ध्वनि र वर्ण सम्बन्धी मान्यतालाई उत्तरवर्ती व्यैयाकरण भट्टोजिदिक्षितले यसरी उल्लेख गरेका छन् जसलाई प्रस्तुत लेखमा संक्षिप्त रूपमा समेट्ने प्रयास गरिएको छ :

### १. वर्ण व्यवस्था

यस अन्तरगत उच्चारण स्थान (कण्ठ, तालु, मूर्धा...) र उच्चारण प्रयत्न (अभ्यन्तर प्रयत्न र बाह्य प्रयत्न),

**२. शब्द रचना**

अष्टध्यायीमा प्रस्तुत शव्द निर्माण वा शव्द रचना प्रकृया भाषावैज्ञानिक हकेट (१९५०) ले प्रस्तुत गरेका एकाइ र समायोजन (Item and arrangement) एकाइ र प्रक्रिया (Item and process) पद्धतिसँग मिल्दोजुल्दो देखिन्छ। जस अन्तरगत प्रत्यय (कृत्प्रत्यय, तद्धित प्रत्यय, स्त्री प्रत्यय) र समास गरी दुई खण्डमा वर्गीकृत गरिएको छ।

**३. पदरचना**

शब्द वा प्रातिपदिकमा सुप् विभक्तिको संयोजन हुँदा नामिक पदको निर्माण हुन्छ भने तिङ् विभक्तिको संयोजन हुँदा क्रियापदको निर्माण हुन्छ। अष्टाध्यायीमा सात विभक्ति र तिन वचन स्वीकार गरिएको छ। यी दुई किसिमका पदहरूको संयोजन प्रक्रिया र तिनबाट पुरुष वचनका आधारमा तयार हुने सःपठति (त्यो पढ्छ), त्वं पठसि (तिमी पढ्छौ) अहं पठामि (म पढ्छु) जस्ता वाक्यको स्वरूपबाट सूत्रलाई प्रस्तुत गरिएको छ।

अतः नेपाली व्याकरणको सम्पूर्ण परम्परा अष्टाध्यायीको सेरेफेरोमा रहेको छ।

## सन्दर्भग्रन्थ सूची

अधिकारी, गङगाप्रसाद (२०७०). संस्कृत भाषिक चिन्तन परम्परामा पाणिनीय व्याकरण र यसका केही आधारभूत पक्ष. *प्रज्ञा,* पूर्णाङ्क १०९. काठमाडौँ : नेप्रप्र (पृ १-१०)।

आचार्य, व्रतराज (२०७२). *पूर्वीय तथा पाश्चात्य भाषिक चिन्तन.* काठमाडौँ : रत्न पुस्तक भण्डार।

आत्रेय, विष्णुराज (२०७२). *पाणिनि (ऐतिहासिक उपन्यास).* काठमाडौँ : डाँफे प्रकाशन प्रा.लि. बालाजु।

ईश्वरचन्द्र (व्याख्या) (२०६०). *पाणिनिरचित अष्टाध्यायी सूत्रपाठ.* दिल्ली : चौखम्बा संस्कृत प्रतिष्ठान।

एलेन, डब्लु.एस. ⁄ Allen W.S. (1953). *phonetics in Ancient,* Idea: OUP.

क्राइस्टल, डेभिड ⁄ Crystal Devid (2003). *A Distionary of Linguistice and Phonetics*, London : Blackwell publishing Ltd.

गौतम, देवीप्रसाद र खगेन्द्रप्रसाद लुइँटेल(२०५३). *ध्वनिविज्ञान र वर्ण विज्ञान.* काठमाडौँ : नवीन प्रकाशन।

चम्स्की, नोम ⁄ Chomsky,Noam (1965). *Aspects of the Theory of Syntax*, Cambridge and Massachustetts :The MIT Press.

चौलागाईं, प्रेम (२०७४). अष्टाध्यायी र आधुनिक भाषाविज्ञान. *प्रज्ञा.* पूर्णाङ्क ११६. काठमाडौँ : नेप्रप्र. (पृ ४१-५७)।

न्यौपाने, टङ्कप्रसाद, पारसमणि भण्डारी र दिपक न्यौपाने (२०६७). *भाषा विज्ञानका प्रमुख सिद्धान्त.* काठमाडौँः विद्यार्थी पुस्तक भण्डार।

प्रश्रित, मोदनाथ (२०६९). पाणिनि तपोभूमिको धरहराबाट नियाल्दा. *पश्चिमाञ्चल विकास मञ्च स्मारिका.* पृ.७९-८२।

बन्धु, चूडामणि (२०७०). *भाषाविज्ञानका सम्प्रदाय.* काठमाडौँ : एकता बुक्स डिस्ट्रिब्युटर्स प्रा.लि.।

बन्धु, चूडामणि (२०७३). *भाषा विज्ञान,* नवौँ संस्क. ललितपुर : साझा प्रकाशन।

ब्लूमफिल्ड, एल ⁄ Bloomfield,L.(1993). *Language,* New York :Holt Rinehrt and Winston.

❑